# सन्राइज बैंक लिमिटेडको

# सातौं बार्षिक साधारण सभा सम्बन्धि सूचना

यस बैंकको सातौं बार्षिक साधारणसभा मिति २०७१/१२/२६ गतेको कारोबार दैनिक तथा मिति २०७२/०१/१० गतेको आर्थिक अभियान दैनिकमा प्रकाशित सूचना बमोजिम मिति २०७२/०१/२३ गते बुधबारका दिन अमृत भोग क्याटरर्स, कालिकास्थान, डिल्लिबजार, काठमाण्डौंमा बिहान ११ बजे बस्ने भनिएकोमा मिति २०७२/०१/१२ गते गएको महाभूकम्पका कारण देशमा सृजित असहज परिस्थितिले गर्दा तोकिएको मितिमा सो साधारण सभा सम्पन्न गर्न नसकिने भएकोले यस बैंकको मिति २०७२/०१/२० गते बसेको संचालक समितिको २१३ औं बैठकको निर्णय अनुसार सातौं बार्षिक साधारणसभा सम्बन्धी पूर्व सूचना बमोजिमको सम्पूर्ण कार्यक्रम अर्को सूचना प्रकाशित नभए सम्मका लागि स्थगित गरिएकोमा मिति २०७२ जेठ ५ गते (ई.सं. १९ मई २०१५) मंगलबार बसेको यस बैंकको संचालक समितिको २१६ औं बैठकको निर्णयानुसार बैंकको सातौं बार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा पूर्व सूचना बमोजिम कै निम्न बिषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**सभा बस्ने मिति, समय र स्थान :**

**मिति :** २०७२ जेठ ३१ गते (तदनुसार १४ जुन, २०१५), आइतबार
**समय :** बिहान ११:०० बजे ।
**स्थान :** अमृत भोग क्याटरर्स, कालिकास्थान, डिल्लीबजार, काठमाण्डौं ।

**छलफलका विषयहरु :**

**क. सामान्य प्रस्ताव अन्तर्गत :**

१. आर्थिक बर्ष २०७०/७१ को संचालक समितिको प्रतिवेदन छलफल गरि पारित गर्ने,
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७१ आषाढ मसान्तको वासलात, मिति २०७० श्रावण १ गतेदेखि मिति २०७१ आषाढ मसान्त सम्मको नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका सम्बन्धित अनुसूचिहरु छलफल गरी पारीत गर्ने,
३. आर्थिक बर्ष २०७१/७२ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (वर्तमान लेखापरीक्षक श्री पराक्रम शर्मा एण्ड एसोसिएट्स कम्पनी ऐन, २०६३ को दफा १११ अनुरुप पुनः नियुक्त हुन योग्य)
४. सर्वसाधारण समूहका शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने समूह (ख) अन्तर्गतका शेयरधनीहरुका तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालकको निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्ताव अन्तर्गत :**

१. बैंकको हकप्रद शेयर जारी हुँदाका बखत कायम हुन आउने चुक्ता पूँजीको १५% अर्थात प्रत्येक १०० कित्ता शेयर बराबर १५ कित्ताका दरले हकप्रद शेयर निस्काशन गर्ने प्रस्ताव पारित गर्ने ।
२. उल्लेखित हकप्रद शेयर निस्काशनको लागि आवश्यक हदसम्म जारि तथा चुक्ता पूँजी बृद्धि गर्न स्वीकृती प्रदान गर्ने ।
३. बैंकले आ. व. २०७०/७१ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन, २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमा नाघेको हुँदा सो अन्तरगत भएको खर्च रु. १६८,८२९.४६ अनुमोदन गर्ने ।
४. बैंकको प्रबन्धपत्र/नियमावलीमा साधारणसभा बाट भएको संशोधनका सम्बन्धमा नियामक निकायहरु (जस्तैः नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय आदि) बाट कुनै निर्देशन प्राप्त भएमा तद्अनुरुप प्रबन्धपत्र/नियमावलीमा आवश्यक संशोधन गर्न संचालक समितिलाई अख्तियारी दिने ।
५. बैंकको प्रबन्धपत्रको दफा ८ (ङ) मा **"शेयर खरिद वा हस्तान्तरण गर्न कुनै बन्देज"** शीर्षकमा भएको "सर्वसाधारणले शेयर खरिद गर्दा एक व्यक्तिले बढीमा बैंकको चुक्ता पुँजीको ०.७५% सम्म खरीद गर्न सक्नेछ । तर हकप्रद शेयर र बोनस शेयरको हकमा यो बन्देज लागु हुने छैन । अधिकतम शेयर धारण सम्बन्धी बन्देज संस्थापक शेयरको हकमा लागु हुने छैन । " भन्ने व्यवस्था हटाई प्रबन्धपत्र /नियमावली संशोधन प्रस्ताव पारित गर्ने ।
६. संचालक समितिको बैठकमा उपस्थित भए वापतको भत्ता बृद्धि गरी प्रति बैठक भत्ता अध्यक्षको रु. १२,००० तथा सदस्यको रु. १०,००० कायम गर्ने तथा संचालक समितिका सदस्यहरुको लागि टेलिफोन, मोबाइल, यातायात, पत्रपत्रिका आदि खर्च प्रति सदस्य प्रति महिना रु. १५,००० कायम गर्ने गरी प्रबन्धपत्र /नियमावली संशोधन प्रस्ताव पारित गर्ने ।

**ग. विविध :**

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

**<u>साधारण सभा सम्बन्धी अन्य जानकारी :</u>**

१. बैंकको शेयर दाखिल खारेजको काम (Book Close) पूर्व सूचना बमोजिम नै **मिति २०७२ बैशाख ३ गते देखि २०७२ बैशाख २३ गते सम्म** रहने छ । नेपाल स्टक एक्स्चेञ्ज लिमिटेडमा मिति **२०७२ बैशाख २ गतेसम्म** कारोबार भई मिति **२०७२ बैशाख १३** गते कार्यालय समय सम्म यस बैंकका शेयर रजिष्ट्रार श्री सिभिल क्यापिटल मार्केट लिमिटेडमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन र मतदान गर्न सक्ने छन् ।

२. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुलाई सभा हुने दिन शेयर प्रमाणपत्रमा उल्लिखित परिचय नम्बर सहित बैंकद्वारा जारी गरिएको प्रवेशपत्र साथमा लिई आउन हुन अनुरोध छ । प्रवेशपत्र प्राप्त नगर्नु भएका शेयरधनीले आफ्नो कुनै एक सक्कल शेयर प्रमाणपत्र तथा परिचय खुल्ने कुनै प्रमाण (जस्तै नागरिकता प्रमाणपत्र वा अन्य कूनै फोटो सहितको परिचयपत्र) साथमा लिई आउनु हुन अनुरोध छ । सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्ने छ । हाजिरी पुस्तिका बिहान १०:०० बजेदेखि खुल्ला रहने छ ।

३. सभामा भाग लिनका लागि प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावले बैंकको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुनेछ र सो सम्बन्धी प्रतिनिधि पत्र सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै बैंकको प्रधान कार्यालय, गैह्रीधारा, काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ ।

४. नावालक वा विक्षिप्त शेयरधनीको तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधी तोक्न पाउने छन् ।

५. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधी नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछन् ।

६. सभामा भाग लिनका लागि प्रतिनिधी नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनी आफैले भाग लिन वा प्रतिनिधी फेरवदल गर्न चाहेमा सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै सोको सूचना बैंकको शेयर रजिष्ट्रार श्री सिभिल क्यापिटल मार्केट लि. मा दर्ता गरिसक्नु पर्नेछ । अन्यथा प्रतिनिधी फेरवदल हुन सक्ने छैन । तर, सभामा सम्बन्धित शेयरधनी स्वयं उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको अख्तियारनामा स्वतः वदर हुनेछ ।

७. कुनै शेयरधनीले एकभन्दा बढी शेयरधनीलाई प्रतिनिधी नियुक्त गरेको रहेछ भने वदर गरेको अवस्थामा वाहेक त्यस्ता प्रतिनिधीपत्र स्वतः खारेज हुनेछ ।

८. प्रतिनिधि (प्रोक्सी) ले मतदान गर्न पाउने अधिकतम् हद वा सीमा त्यस्तो शेयरधनीले लिन पाउने बैंकको अधिकतम शेयर हिस्सा (संस्थापक शेयरको हकमा कूल बिक्री भएको शेयरको १५ प्रतिशत सम्म तथा सर्वसाधारण शेयरको हकमा कूल बिक्री भएको शेयरको ०.७५ प्रतिशत सम्म) को मतदान सीमा भन्दा बढी हुने छैन । सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) प्राप्त गर्ने शेयरधनीले उक्त सिमा भन्दा बढी प्रोक्सी दर्ता गरेको भएमा आफुले लिएको शेयर सहित उक्त सिमा भन्दा बढी मतको गन्ति गरिने छैन ।

९. संचालक निर्वाचन सम्बन्धि विस्तृत कार्यक्रम निर्वाचन अधिकृतले निर्धारण गरिदिए अनुसार बैंकको प्रधान कार्यालय, गैह्रिधारा, काठमाडौंको सूचना पाटीमा टांस गरिनेछ ।

१०. संचालकको निर्वाचनमा उम्मेदवार हुन चाहने शेयरधनीले बैंकको कम्तीमा १०० (एक सय) कित्ता सर्वसाधारण समूहको शेयर धारण गरेको र बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०६३, नेपाल राष्ट्र बैंकबाट जारि निर्देशन/परिपत्र, बैंकको नियमावली तथा बैंकको संचालक निर्वाचन कार्यविधि निर्देशिका, २०६६ बमोजिम योग्य हुनुपर्नेछ ।

११. अन्य जानकारीका लागि बैंकको शेयर रजिष्ट्रार श्री सिभिल क्यापिटल मार्केट लिमिटेड तथा बैंकको प्रधान कार्यालय, गैह्रिधारा, काठमाडौंमा कम्पनी सचिव संग सम्पर्क राख्नु हुन अनुरोध छ ।

पुनश्चः सम्पुर्ण शेयरधनी महानुभावहरुलाई शेयरधनी लगतमा कायम रहेको सम्बन्धित ठेगानामा साधारणसभाको सूचना र बैंकको आर्थिक विवरण सहितको बार्षिक प्रतिवेदन पठाउने व्यवस्था गरिएको छ । ठेगाना पूरा नभएका तथा उक्त कागज प्राप्त नगर्नु भएका शेयरधनी महानुभावहरुले वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको बार्षिक प्रतिवेदन प्राप्त गर्न यस बैंकको कुनै पनि शाखा कार्यालयहरुमा सम्पर्क गर्न सक्नुहुनेछ । साथै, सो सम्बन्धी जानकारी यस बैंकको website: www.sunrisebank.com.np मा उपलब्ध गराइएको छ ।